नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@gmail.com

पत्र संख्याः- ०८०/८१
चलानी नं.:- 2368

मितिः- २०८०/१०/०९
ने.सं.: ११४४ पोहेलाथ्व, १३ मङ्गलबार

श्री राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ।

श्री राष्ट्रिय महिला आयोग,
भद्रकालीप्लाजा, काठमाडौं ।

**विषयः शान्तिपूर्वक घरमा बस्ने वातावरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय मानव अधिकार आयोगको च नं ७२५, मिति २०८०/१०/०७, ने.सं.: ११४४ पोहेलाथ्व ११ आइतबारको **"फैसला कार्यान्वयन गरी शान्तिपूर्वक घरमा बस्ने वातावरण मिलाईदिने सम्बन्धमा"** विषयक र राष्ट्रिय महिला आयोगको च.नं. ३९३, मिति २०८०/१०/०८ को उच्च अदालतको **"फैसला बमोजिम विनु यादवलाई घरमा बस्ने वातावरणको लागि पहल गरिदिने बारे"** विषयक पत्रहरु प्राप्त भई व्यहोरा अवगत भयो।

सो सम्बन्धमा हालसम्म भएका प्रयासहरु र हालको अवस्था देहायबमोजिम रहेको व्यहोरा आदेशानुसार सादर अनुरोध छ।

<u>शान्ति सुरक्षा प्रदान गरिदिने सम्बन्धमा हालसम्म गरिएका प्रयासहरुः</u>

१. निज विनु यादव मन्थली नगरपालिका वडा नं. १ भैसेश्वर स्थित घरमा बस्न जाँदा निजको जीउधनको सुरक्षाको प्रबन्ध गरिएको ।
२. प्रहरीको सुरक्षा प्रबन्ध सहित घरमा पस्न गएकी निज विनु यादवलाई घर परिवारले बस्न दिन इन्कार गरेपछि श्रीमान श्रीमती बीच मन्थली नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री होम प्रसाद पौडलको रोहवरमा छलफल गराईएको ।
३. पहिलो पटकको छलफलमा समझदारी बन्न नसकेपछि मिति २०८०/१०/०५ गते शुक्रबार जिल्ला प्रशासन कार्यालय रामेछापमा समेत दुवै पक्ष र निज विनु यादवसँग आएका संचारकर्मीहरु समेत भई छलफल भएको, समझदारी बन्न नसकेपछि उच्च अदालतको फैसला कार्यान्वयन गर्न सम्बन्धित अदालतबाट लेखेर आए मात्र थप कदम चाल्न सकिने व्यहोरा जानकारी गराई निजसँग आएका संचारकर्मी फर्किएको र निज विनु यादव सेफ हाउसमा बस्न इन्कार गरेकोले अदालत वा तालुक निकायबाट थप कदम चाल्ने स्पष्ट पत्र नआएसम्म होटलमा बस्न सहमत भई बेलुका ८ बजे जिल्ला प्रशासन कार्यालयबाट विदा भएको ।
४. मिति २०८०/१०/०७ गते आइतबार दिनको २:४५ बजेतिर निज विनु यादव पुनः जिल्ला प्रशासन कार्यालयमा आई उच्च अदालतको सम्बन्ध विच्छेद नहुने फैसला विरुद्ध निजको पति प्रदीप कठायत सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गएको र मुद्दा विचाराधीन रहेको अवस्थामा अदालतबाट उच्च अदालतको सो फैसला कार्यान्वयनका लागि पत्र ल्याउन नसकेको जानकारी गराउँदै पुन प्रदीपको घरमा शान्तिपूर्वक बस्नपाउँ भन्ने माग राखेको ।

दिपक कोइराला
सहायक प्रमुख जिल्ला अधिकारी

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

पत्र संख्या:- ०८०/८१
चलानी नं.:-

५. निजको शान्तिपूर्वक श्रीमानको घरमा बस्न पाउँ भन्ने मागका सम्बन्धमा रामेछाप नगरपालिका तथा मन्थली नगरपालिकाका जनप्रतिनिधिको रोहबरमा दुवै पक्षबीच छलफलबाट समझदारी कायम गर्न प्रयासको लागि निजलाई सम्झाइ बुझाइ गर्दा पनि नमानी जबरजस्ती अनसन बसेको ।

६. राष्ट्रिय मानव अधिकार आयोगको च नं ७२५ मिति २०८०।१०।०७ को पत्र र राष्ट्रिय महिला आयोगको च नं ३९३ मिति २०८०।१०।०८ को पत्रबाट निज विनु यादवलाई घरमा शान्तिपूर्वक बस्ने वातावरण बनाई/पहल गरी आयोगलाई जानकारी गराउने विषयक पत्रको सम्बन्धमा दुवै पक्षलाई जानकारी गराई दुवै पक्षलाई एक अर्काको मागमा छलफल गरी समझदारी कायम गरी शान्तिपूर्वक बस्ने वातावरण मिलाउन अनुरोध गरिएकोमा दुवै पक्ष आ आफ्नो अडानमा अडिग रहेको ।

७. निजको मागका सम्बन्धमा छलफलबाटै समझदारी बनाउन रामेछाप नगरपालिका र मन्थली नगरपालिकाका प्रमुख उपप्रमुख एवं जनप्रतिनिधिहरुलाई अनुरोध गरी वहाँहरुको समुपस्थिति र जिल्लाका मानव अधिकारकर्मी नागरिक समाज र संचारकर्मीको रोहवरमा मिति २०८०।१०।०८ मा अनसनस्थल एवं जिल्ला प्रशासन कार्यालयमा भएको दुई पक्षसहितको छलफलबाट शान्तिपूर्वक निजलाई घरमा बस्ने वातावरण बन्न नसकेको र बल प्रयोग गरी घरमा पस्ने गर्दा थप दुर्घटना हुनसक्ने भन्ने निष्कर्ष सहितको जानकारी मन्थली नगरपालिकाको च नं १६७३, मिति २०८०।१०।०८ को पत्रबाट प्राप्त भएको ।

८. उपरोक्त सबै घटना परिस्थिति र वस्तुस्थिति विश्लेषण एवं शान्ति सुरक्षाको दृष्टिकोणबाट समेत अध्ययन विश्लेषण गर्दा बल प्रयोग गरी निज विनु यादवलाई निजको श्रीमान प्रदीप कठायतको घरमा प्रवेश गराई जबरजस्ती बस्ने व्यवस्था गर्दा थप दुर्घटना हुनसक्ने सम्भावना देखिएको हुँदा निजलाई घरमा शान्तिपूर्वक बस्ने अवस्था रहेको नदेखिएको व्यहोरा तालुक निकायमा जानकारी गराउने भनी जिल्ला सुरक्षा समितिको मिति २०८०।१०।०९ को बैठकबाट निर्णय भएको ।

**हालको अवस्था**

निज विनु यादव मिति २०८०।१०।०७ गते दिनको करीब ३ बजेदेखि केही नखाई जिल्ला प्रशासन कार्यालयको मूल गेट बाहिर सडकमा बसिरहेको र पटक पटक अनसन तोड्न अनुरोध गर्दा अस्वीकार गरेको । निज र निजका श्रीमान र परिवारबीच पटक पटक शान्तिपूर्वक घरमा बस्ने व्यवस्था मिलाउन एवं निज पति पत्नीको सम्बन्ध विच्छेद र मानाचामल भराउने विषयमा न्यायिक उपचारको बाटो हुँदाहुँदै सो को अन्तिम टुंगो नलाग्दासम्म मिलेर सँगै बस्ने वा मानाचामल भराउने सम्मानित अदालतको आदेश कार्यान्वयन गर्न इन्कार गरेको हुँदा सोही व्यहोरा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगलाई जानकारी गराइ सो को बोधार्थ गृह मन्त्रालय, सिंहदरबार काठमाडौं, रामेछाप नगरपालिका र मन्थली नगरपालिका तथा निज विनु यादवलाई समेत दिने र निज विनु यादवलाई अनसन तोड्न अनुरोध गरिने ।

दिपक कोइराला
सहायक प्रमुख जिल्ला अधिकारी

**बोधार्थ:**

श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार काठमाडौं ।
श्री रामेछाप नगरपालिका, रामेछाप ।
श्री मन्थली नगरपालिका, मन्थली रामेछाप ।
विनु यादव, रामेछाप नगरपालिका वडा नं १, गोठगाउँ हाल कपन काठमाडौं ।